बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- ०८१/८२
चलानी नम्बरः-

मितिः- २०८२/०३/१३

विज्ञप्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा यस मन्त्रालय र माननीय मन्त्रीज्यूलाई जोडेर विभिन्न पत्रपत्रिका, सञ्चार माध्यम र सामाजिक सञ्जालहरुमा प्रकाशित एवम् प्रसारित समाचार र टिकाटिप्पणीहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। मन्त्रालयसँग कुनै सत्यतथ्य नबुझी प्रदेश सरकारको क्षेत्राधिकार भन्दा बाहिर बजेट विनियोजन भएको भन्ने सन्दर्भमा उक्त कार्यक्रम संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानको रहेको, हेटौंडा उपमहानगरपालिका वडा नं. २० र २२ जोड्ने कर्रा खोला सडक पुल आयोजना साविककै क्रमागत आयोजनाको निरन्तरता भएको एवम् बजेट तर्जुमाको क्रममा राजनीतिक नेतृत्व र कर्मचारीबिचमा भएको प्रक्रियागत छलफललाई विवाद भएको भनी झुठा प्रचार प्रसार गरिएको जस्ता तथ्यहीन र भ्रामक समाचारहरुमा कुनै सत्यता नरहेको हुँदा विश्वास नगर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै यस मन्त्रालयसँग सम्बन्धित विषयमा कुनै जानकारी आवश्यक भएमा मन्त्रालयमा सम्पर्क गर्नुहुन समेत सबैमा सूचित गरिन्छ।

२०८२।०३।१३
(श्रीकृष्ण आचार्य)
प्रवक्ता

फोन नं. ०५७-५२७५२०, इमेलः moeap3@gmail.com, वेबसाईटः moeap.bagamati.gov.np